नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मंसीर/पौष २०८० (December 2023) वर्ष २६/अङ्क ३००

## येशू यस संसारमा आउनु किन आवश्यक थियो ?

- एल्डर श्रीलक्ष्मी सैंजु

येशू खीष्ट यस संसारमा किन आउनुभयो भन्नेबारे बाइबलमा थुप्रै कारणहरू बताइएका छन् । ती सबै कारणहरू बाइबलबाट खोजेर राख्ने हो भने एउटा लामो लिष्ट बन्न सक्छ । त्यसकारण उहाँ आउनुभएका कारणहरूमध्ये मुख्य चारवटा कारणबारे बुँदागत रूपमा हेर्नेछौं ।

१. **पहिलो कारण:** मानिसहरूलाई परमेश्वर चिनाउनु: बाइबल खण्ड: यूहन्ना १:१८ मा यसरी लेखिएको छ, **"परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन । पिताको साथमा हुनुहुने एकमात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ ।"**

२. **दोस्रो कारण:** परमेश्वरले मानिसलाई कस्तो भएको चाहनुहुन्छ भन्ने जनाउन - **मेरो अनुसरण गर्ने होऔ जसरी म खीष्टको अनुसरण गर्दछु** (१ कोरिन्थी ११:१) । पावलले जस्तै विश्वासीहरूले पनि खीष्टकै अनुसरण गर्न र खीष्टको स्वरुप भएको व्यक्ति बन्नका लागि बोलाउनुभएको हो ।

३. **तेस्रो कारण:** उहाँको आफ्नो पुत्रद्वारा मानिसहरूसँग बोल्न: **"प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताद्वारा धेरै र विभिन्न किसिमले बोल्नुभयो । तर यी आखिरी दिनहरूमा उहाँ आफ्नो पुत्रद्वारा हामीसँग बोल्नुभएको छ । पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा समस्त सृष्टि रच्नु पनि भयो** (हिब्रू १: १-२) ।

४. **चौथो कारण:** परमेश्वरको उद्धारको योजना पूरा गर्न - **"किनकि छोराछोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्** (हिब्रू २:१४) । परमेश्वरको योजना अनुसार मानिसहरूलाई मृत्युको डरबाट छुट्कारा दिन खीष्ट मर्नुभएको थियो (यूहन्ना १७:३. १ यूहन्ना ३:८ पढ्नुहोस्) । **"जीवितचाहिँ म नै हुँ । म मरेको थिएँ, हेर म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालको साँचाहरू मसित छन्"** (प्रकाश १:१८) । विश्वासद्वारा, पवित्र आत्माबाट पाउने जीवनबारे रोमी ८:१-४ मा यस्तो लेखिएका छन्, **"यसकारण अब खीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन । पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले खीष्ट येशूमा मुक्त पारेको छ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन, परमेश्वरले गर्नुभयो अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरुपमा पापबलिझैं पठाउनुभयो । यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूरा होस् । हामी जो पापमय स्वभावअनुसार चल्ने होइन, तर पवित्र आत्माअनुसार चल्दछौं ।"** त्यसैगरी येशू यस संसारमा आउनुका कारणबारे प्रष्टचाउँदै १ पत्रुस २:२४-२५ मा प्रेरित पत्रुसले यस्तो लेखेका छन्, **"हामी पापका लेखी मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ । किनभने तिमीहरू भेडाहरू झैं बरालिरहेका थियौ तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ ।"**

येशू यस संसारमा आउनुका कारण मानिसहरूले स्पष्टसँग बुझ्न सकोस् उद्देश्यले यूहन्ना ३:१६-१८ मा प्रेरित यूहन्नाले खुलाएर लेखिएका छन्, **"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएको होइन तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ: किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन ।"**

उहाँ यस संसारमा किन भयो भन्ने सम्बन्धमा बाइबलबाट अरू थप जानकारी हासिल गर्नका लागि गलाती ४:४-७. १ कोरिन्थी १५:१७-२२ पनि पढ्न अध्ययन गर्न सकिन्छ । ताकि हामी उहाँको अगुवाइबारे अबको समयमा झन् स्पष्ट हुँदै जान आवश्यक पनि छ । विशेष गरी १ कोरिन्थी १५:१९ मा हाम्रो लागि यस्तो चेतावनी दिइएको छ, **"यदि हामी यस जीवनको लागि मात्र खीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरू भन्दा बढी दयनीय हुन्छौं ।"** १ कोरिन्थी १५:५५-५७ मा हाम्रो लागि उत्साहको वचन दिइएको छ, **"ए मृत्यु, तेरो विजय कहाँ छ ? ए मृत्यु तेरो खील कहाँ ?" मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो । तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू खीष्टद्वारा विजय दिनुहुन्छ ।"**

निश्कर्ष: समग्रमा भन्नुपर्दा मानिसका पापहरूको प्रयाश्चितका निम्ति शुद्ध बलिदानको आवश्यक थियो, जुन बलिदान संसारका कुनै मानिसहरूबाट कदापी सम्भव नहुने भएकोले परमेश्वरले आफ्नो पुत्र येशूलाई पठाउनुभएर मुक्तिको योजना पूरा गर्नुभयो ।

परमेश्वरले मानिसहरूलाई प्रेम देखाउनु वाध्यता थिएन तर परमेश्वरले आफ्नै स्वरूप र प्रतिरूपमा सृष्टि गरिएका मानिसलाई

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मंसीर २३ गते** December 9 | एल्डर अर्जुन ढकाल | श्री सरुष तामाङ्ग | पाष्टर अशोक मुखिया | श्री माया लामा | श्रीमती निशा तामाङ्ग | एल्डर सिमोन खालिङ | पाष्टर रूबेन श्रेष्ठ | श्री परशुराम अधिकारी | श्री जीवन खालिङ | श्री सिमोन लामा | डीकनेस् रूष लामा |
| **मंसीर ३० गते** December 16 | एल्डर रत्नमान महर्जन | श्रीमती माया तामाङ्ग | श्रीमती सुशिला नेवा | डीकन भुपाल लामा | श्री सुचन तामाङ्ग | एल्डर शारोन रोंगोंग | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर रूद्र राई | श्री जीवन खालिङ | बाल दिवस | एल्डर लाक्पा लामा |
| **पौष ७ गते** December 23 | श्री विष्णु देउला | एल्डर मन ब. मगर | श्री पिटर घिमिरे | श्री डिल्ली ब. तामाङ्ग | श्री विजय तामाङ्ग | एल्डर सीता गुरूङ्ग | श्री सुक्रराम तामाङ्ग | पाष्टर घनश्याम दाहाल | एल्डर नभराज के.सी. | एल्डर भुवन देवकोटा | संयुक्त सेवा डाँछी चर्च |
| **पौष ९ गते** December 25 | पाष्टर सिमोन पाठक | एल्डर सुरेश पुर्कुटी | एल्डर बागमान तामाङ्ग | डीकन राम ब.तामाङ्ग | एल्डर पूर्ण सुनुवार | **ख्रीष्टमस सेवा – आ-आफ्नो मण्डलीमा** | | | | | |
| **पौष १४ गते** December 30 | एल्डर दिनेश न्यौपाने | डीकन राजु तामाङ्ग | डीकन बाल कृष्ण सिपाई | एल्डर सिद्धि खालिङ | एल्डर मन ब. मगर | पाष्टर घनश्याम दाहाल | डीकन सिमोन भण्डारी | डीकन श्रीराम सुर्खेती | पाष्टर दफ्तन सादा | एल्डर आनन्द न्यौपाने | पाष्टर प्रेम श्रेष्ठ |
| **पौष २१ गते** January 6 | पाष्टर अशोक मुखिया | डीकनेस् रश्मिला तामाङ्ग | श्री सामुएल तामाङ्ग | डीकनेस् सरिता नकर्मी | श्री मिन ब. तामाङ्ग | पाष्टर दफ्तन सादा | पाष्टर रूबेन श्रेष्ठ | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर लाक्पा लामा |

पापको दण्डबाट बचाउन र उहाँमा अनन्त जीवन प्राप्त गर्न सकौं भनेर उहाँले येशूलाई यो संसारमा पठाउनुभयो । परिणामस्वरूप आज हामीले येशू ख्रीष्टमा विश्वास गरेर अनन्त जीवन प्राप्त गर्न सक्दछौं । यो मानिसहरूमाथि परमेश्वरको आगापे प्रेम भनेर बुझ्न सक्छौं । त्यसैले जसले येशू ख्रीष्टलाई विश्वास गरेका छन् तिनीहरू परमेश्वरको प्रेमलाई चाख्न पाएका छन् । उहाँसँग निरन्तर रहन, संगति गर्न, सम्बन्धमा रहन मौका पाएका छौ, जुन येशू ख्रीष्ट यो संसारमा आउनुभएको कारणले मात्रै सम्भव भएको हो ।

यसकारण माथिका यी मुख्य चारवटा कारणले गर्दा येशू ख्रीष्ट मानिस भएर आउन आवश्यक थियो । मानिसहरू बाँच्ने परमेश्वरबाट दिइएको एउटै मात्र उपाय अथवा बिकल्प भनेको येशू ख्रीष्ट मात्रै हुनुहुन्छ ।

येशू ख्रीष्ट यस संसारमा आउनुका कारणहरूबारे थप जानकारीका लागि बाइबलका यी खण्डहरू खोजेर पढ्न अध्ययन गर्न सक्नुहुनेछः "हेर संसारको पाप उठाइ लैजाने परमेश्वरका थुमा" (यूहन्ना १:२९, रोमी ४:६-११, १ यूहन्ना २:२, हिब्रू ७:२६-२७, ९:११-१५) ।

## हार्दिक शुभकामना

प्रभु येशू ख्रीष्टको जन्मोत्सव (ख्रीष्टमस) तथा नव वर्ष २०२४ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवारहरू साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी



मनमैजु बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्री विष्णु बहादुर (तितस) सापकोटा ६३ वर्षको उमेरमा कार्तिक १४ गते/अक्टोबर ३१ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



हाल अमेरिका बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री दान बहादुर सुनुवार ६४ वर्षको उमेरमा मंसीर ६ गते/नोभेम्बर २२ तारिख बुधबार प्रभुमा सुत्नुभयो ।

## डिसेम्बर महिनाको कार्यक्रम

- पौष १ गते/डिसेम्बर १७ तारिख आइतबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नो मण्डलीमा ।
- पौष ०९ गते/डिसेम्बर २५ तारिख सोमबार **ख्रीष्टमस सेवा** आ-आफ्नो मण्डलीमा आ-आफ्नै समयमा ।
- पौष १५ गते/डिसेम्बर ३१ तारिख आइतबार **आधा रातको प्रार्थना** आ-आफ्नो मण्डलीमा आ-आफ्नै समयमा ।

## मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर  तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मंसीर २३ गते December 9 | एल्डर गोपी राई | श्री चित्र खड्का | डीकन अमृत लामा | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | डीकन मोहन श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | एल्डर छोदेन कार्थक | एल्डर पिटर लिम्बू | एल्डर बि.एन पण्डित | श्री प्रेम गुरूङ्ग |
| मंसीर ३० गते December 16 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | डीकन अमृत लामा | एल्डर पिटर लिम्बू | डीकन प्रशान्त सिंह | एल्डर जोरविर राई | डीकन बाबेल राई |
| पौष ७ गते December 23 | संयुक्त संवा - डाँछी चर्च | | | | | | | श्री कुमार सेन्चुरी | डीकन सुक्रराज घिमिरे | श्री प्रेम गुरूङ्ग | डीकन डि.बि. राई |
| पौष ९ गते December 25 | **खीष्टमस सेवा आ-आफ्नो मण्डलीमा** | | | | | | | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा | डीकन अनिल आले | पाष्टर कर्ण तामाङ्ग |
| पौष १४ गते December 30 | एल्डर पेशल राई | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | एल्डर राज गुरूङ्ग | डीकन गोपाल नगरकोटी | एल्डर बेन्जामिन तामाङ्ग | श्री अमन सिंह | एल्डर छोदेन कार्थक | श्री चन्द्र मोक्तान |
| पौष २१ गते January 6 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर कर्ण तामाङ्ग | एल्डर जोरविर राई |

## हार्दिक बधाई



मंसीर ३ गते/नोभेम्बर १९ तारिख, आइतबार नेइम ज्ञानेश्वर चर्चका सदस्य श्री रोशन महर्जन र निस्सी निवास चर्चको सदस्य सुश्री छिरिङ्ग डोल्मा लामाको निस्सी निवास चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ४ गते/नोभेम्बर २० तारिख, सोमबार नेइम ज्ञानेश्वर चर्चका सदस्य सुश्री बिपिसा तामाङ्ग र नयाँ सृष्टि चर्चको सदस्य श्री योयाकिम राईको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ६ गते/नोभेम्बर २२ तारिख, बुधबार नेइम ललितपुर चर्चका सदस्य सुश्री कुसुम तामाङ्ग र नेपाल प्रेयर हाउस चर्च, कपनको सदस्य श्री विशाल तामाङ्गको नेइम ललितपुर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर १० गते/नोभेम्बर २६ तारिख, आइतबार नेइम गाम्चा चर्चको सदस्य श्री सन्जोक नगरकोटी र प्रतिज्ञा चर्च विरेन्द्रनगर सुर्खेतको सदस्य सुश्री मनिषा नेपालीको नेइम प्रतिज्ञा चर्च विरेन्द्रनगर सुर्खेतमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. देशका उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको लागि ज्ञान-बुद्धि, एकता, मेल मिलाप मागिदिऔं ।

२. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा खीष्ट प्रभुलाई चिन्न सकून् ।

३. जाजरकोटमा भूकम्पको कारण समस्या भोगिराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. प्रभुको नाउँको विरूद्ध खडा भएका र प्रभुको नाउँको खातिर प्रभुका जनहरूको विरुद्ध खडा भई दुःख-कष्ट दिने, यातना दिने, खेदो निन्दा गर्ने र सतावट दिने व्यक्तिहरूको प्रभु येशूसँग जम्का भेट हुन सकोस् र उनीहरूले पनि प्रभु येशू खीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर आफ्नो हृदयमा बोलाउन सकून् ।

५. काम र पढाइको लागि विभिन्न देशहरूमा जानुभएका विश्वासीहरूले आफ्नो व्यस्तताको कारण प्रभुलाई बिर्सन नसकून् साथै कुनै न कुनै संगतिमा रहेर परमेश्वरलाई महिमा दिन सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १७ 3<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष् अगुवाइ मागौं ।<br>यशैया ४५:१-४ | २४ 10<br>परमप्रभु परमेश्वरले राखिदिनु-भएका आशिषहरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३ | १ पौष 17<br>नेइम परिषद्का गुरुजनहरूले पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>भजनसंग्रह ७८:७१-७२ | ८ 24<br>सारा विश्वव्यापी मण्डलीहरूमा हुने ख्रीष्टमस सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती सेवाद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>यूहन्ना १७:१-३ | १५ 31<br>यो वर्षभरि परमप्रभु परमेश्वरले दिनुभएको आशिष्को लागि धन्यवाद चढाऔं ।<br>भजनसंग्रह १००:४-५ |
| **सोमबार**<br>Monday | १८ 4<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | २५ 11<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | २ 18<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | ९ 25<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>यूहन्ना ३:१६ | १६ 2024 January 1<br>यो वर्ष मण्डली आत्मामा, गुणमा, संख्यामा साथै अरू सबै क्षेत्रहरूमा अझै अघि बढेर जान सकौं ।<br>१ कोरिन्थी २:९ |
| **मंगलबार**<br>Tuesday | १९ 5<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>मत्ती २६:४१ | २६ 12<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | ३ 19<br>सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | १० 26<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिंड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ | १७ 2<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>हिब्रू १२:१ |
| **बुधबार**<br>Wednesday | २० 6<br>नेइमका सबै अगुवाहरूले आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसोलोनिकी १:२-३ | २७ 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ४ 20<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१० | ११ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | १८ 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार**<br>Thursday | २१ 7<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:९, १ कोरिन्थी १५:५८ | २८ 14<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-२३ | ५ 21<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>प्रेरित १:८, २:४२-४७ | १२ 28<br>मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा बस्नुहुने बज्यैहरूका लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४ | १९ 4<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६, १६:३ |
| **शुक्रबार**<br>Friday | २२ 8<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना १७:३ | २९ 15<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>लूका १५:११-२४ | ६ 22<br>ख्रीष्टमसको समयमा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>यूहन्ना १४:६, प्रेरित ४:१२ | १३ 29<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | २० 5<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भुतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:४-५ |
| **शनिबार**<br>Saturday | २३ 9<br>परमेश्वरका छोराछोरीहरू जुन बोलावटमा बोलाइएका छन् त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | ३० 16<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२२ | ७ 23<br>नेपाली इसाई मण्डलीमा दिइराख्नुभएको मण्डली साथै संगतिहरू प्रभुमा बढ्दै, फैलँदै र बलियो हुँदै जान सकून् ।<br>यशैया ५४:२-४ | १४ 30<br>आउँदो वर्षभरि आशिषित भएर जिउनका लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>व्यवस्था ११:११-१२ | २१ 6<br>मण्डलीको चार खाँ बो: पुरुष, महिला, युवा, बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |

**"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो ।"** **यूहन्ना ३:१६-१७**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,